राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ६ अंक २८९ २०८२ असार १ गते आईतवार (15 June 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## मधेशको विकास बिना नेपालको समृद्धि सम्भव छैन : उपेन्द्र यादव

दैनिक समाचारदाता

काठमाडौं, ३१ जेठ । नेपालको समकालीन राजनीतिक परिदृश्यमा मधेशको आवाज बुलन्द गर्ने थोरै नेताहरूको सूची बनाउँदा उपेन्द्र यादवको नाम अगाडि आउँछ। जसपा नेपालका अध्यक्ष, पूर्व उपप्रधानमन्त्री तथा प्रतिनिधिसभा सदस्य यादवले हालै गोरखापत्र अनलाइनको 'सांसदलाई सवाल' कार्यक्रममा सहभागी हुँदै मधेशको विकासबिना नेपालको समृद्धि सम्भव नहुने प्रस्ट पारे।

"मधेशमा ६० प्रतिशत जनसंख्या रहेको भए पनि विकास बजेटको केवल १३ प्रतिशत मात्र पुग्नु अन्याय हो," यादवले राज्यको नीति तथा बजेटीय प्राथमिकताप्रति गम्भीर असन्तुष्टि जनाए। उनका अनुसार, मधेशको विकासलाई राज्यले नजरअन्दाज गरेकै कारण देशको समग्र प्रगति अवरुद्ध भएको छ।

उपेन्द्र यादवको राजनीतिक यात्रा सरल छैन। सप्तरीको मधुवनमा जन्मिएर साधारण गाउँको विद्यालयबाट पढाइ सुरु गरेका यादव पुष्पलाल श्रेष्ठबाट प्रभावित



भई वाम राजनीति हुँदै सार्वजनिक जीवनमा प्रवेश गर्नुभएको हो। २०३२ सालमा वामपन्थी राजनीतिमा लागेपछि उहाँ भूमिगत जीवनदेखि जेल जीवनसम्मको संघर्षमा होमिनुभयो।

एमालेको पूर्व नेताबाट मधेशी जनअधिकार फोरमको अध्यक्ष हुँदै जनता समाजवादी पार्टीको शीर्ष नेतृत्वमा पुग्ने यादवको यात्रा मधेश केन्द्रित राजनीतिका लागि एक महत्वपूर्ण मोड हो। उनले मधेशी समुदायको हक, अधिकार र प्रतिनिधित्वका लागि लगातार आवाज उठाउँदै आएका छन्।संसदीय राजनीति होस् वा आन्दोलनको मोर्चा–उहाँको भूमिका सदैव अग्रसर रहँदै आएको छ। चार पटक सांसद बन्नुभएका यादव पटक-पटक मन्त्रीसमेत भइसक्नुभएको छ। पछिल्लो उपनिर्वाचनबाट बारा-२ बाट निर्वाचित भई अहिले प्रतिनिधिसभाको अर्थ समिति सदस्यका रूपमा कार्यरत हुनुहुन्छ।उनको विगत, राजनीतिक योगदान र वर्तमान चेतावनीले स्पष्ट सन्देश दिन्छ: यदि राज्यले मधेशलाई हेर्ने दृष्टिकोण परिवर्तन गरेन भने राष्ट्रको विकास सम्भव छैन। मधेश समावेशी भए मात्र नेपाल समृद्ध हुन्छ।

## मधेश प्रदेशको बजेट आज प्रस्तुत हुँदै, खर्च क्षमतामाथि प्रश्न

दैनिक समाचारदाता

जनकपुर, ३१ जेठ । मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ का लागि बजेट आज (आईतबार) दिउँसो ४ बजे प्रदेश सभामा प्रस्तुत गर्ने भएको छ। प्रदेशसभा सचिवालयका अनुसार अर्थमन्त्री सुनिलकुमार यादवले बजेट वक्तव्य प्रस्तुत गर्नुहुनेछ । मुख्यमन्त्री सतिशकुमार सिंहले सांसदहरूबाट संकलित योजना तथा कार्यक्रमहरू प्रणालीमा प्रविष्ट भइसकेको र अब बजेट सार्वजनिक गर्ने अन्तिम तयारी मात्र बाँकी रहेको जानकारी दिनुभयो। चालु आर्थिक वर्षकै हाराहारीमा बजेटको आकार रहने बताइएको छ।



गत वर्ष मधेश सरकारले ४३ अर्ब ८९ करोड ७० लाख रुपैयाँको बजेट ल्याएको थियो, तर आर्थिक वर्षको अन्त्यसम्म जम्मा २०.२६ प्रतिशत मात्र खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालय जनकपुरले जनाएको छ। पुँजीगत खर्च अझै न्यून–केवल १३ प्रतिशत–रहेको छ, जसले विकास निर्माणको गतिमा प्रश्न उठाएको छ।

यस वर्षको बजेटमा कृषि क्षेत्रलाई प्राथमिकता दिइने बताइएको छ। सरकारले उत्पादन वृद्धि, आधुनिक प्रविधि, निजी क्षेत्रको सहभागिता, बीउविजनको सुनिश्चितता, सिंचाइ सुविधा र बजारीकरणमा ध्यान केन्द्रित गर्ने जनाएको छ।

## पत्रकार महासघ प्रदेश समितिले गरे १३ बुँदे निर्णय

दैनिक समाचारदाता

जनकपुरधाम ३१ जेठ । नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिको बैठकले स्वतन्त्र, सुरक्षित तथा मर्यादित पत्रकारिताको विकासको पक्षमा १३ बुँदे निर्णय गरी जनकपुरधाममा सम्पन्न भएको छ ।

बैठकले विगतदेखि उठाउँदै आएको मागहरूलाई प्रभावकारी कार्यान्वयनका लागि सरकार, सञ्चार संस्था तथा सरोकारवाला निकायहरूसँग प्रभावकारी कार्यान्वयनको लागि पुनः माग गरेको छ ।

बैठकले पत्रकारिताको मर्यादा कायम राख्न पत्रकारहरूलाई आचारसंहिता पालना गर्न र विवादमा नपर्ने गरी मर्यादित पत्रकारिता गर्न समेत आह्वान गरेको छ । आठ वटै जिल्लामा आवद्ध पत्रकार महासङ्घ सदस्यहरूको सदस्यता नवीकरण असार १५ भित्र गर्न र नवीकरण शुल्क प्रदेश समितिमा पठाउन अनुरोध गरिएको छ । साथै, कार्यालय व्यवस्थापन र उद्घाटनको तयारी गर्न निर्देशन दिइएको छ ।

बाँकी पृष्ठ ३मा

## सप्तरीमा अनलाइन प्रणालीबाट नागरिकताको सिफारिस

दैनिक समाचारदाता

सप्तरी, ३१ जेठ । सप्तरीमा असार १ गते अथात् आइतबारदेखि अनलाइन प्रणालीबाट नागरिकताको सिफारिस सुरु हुने भएको छ । नागरिकता वितरणसम्बन्धी कार्य तथा अभिलेख व्यवस्थापनलाई थप व्यवस्थित एवम् प्रविधिमा आधारित बनाउने उद्देश्यले असार १ गतेबाट अनलाइन प्रणालीबाट सिफारिस सेवा सुरु हुने भएको हो । सप्तरीका सबै स्थानीय तहलाई केन्द्रीय नागरिकता सूचना प्रणाली (सिसिआइएमएस) को प्रयोग गरी नागरिकताका लागि अनलाइन प्रणालीबाट सिफारिस गरेर पठाउन सबै तयारी पूरा भइसकेको सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहालले जानकारी दिनुभयो । उहाँले गृह मन्त्रालय सूचना प्रविधि शाखाले यही जेठ २६ गते पठाएको पत्रानुसार असार १ गतेदेखि यस कार्यालयमा नागरिकता सम्बन्धी सेवा लिन आउने सेवाग्राहीहरूले सम्बन्धित पालिकाको वडा कार्यालयहरूबाट अनलाइन सिफारिस लिएर आउनुपर्ने बताउनुभयो ।अनलाइन सिफारिसका लागि दुई महिना अघिदेखि तयारी थालिएको र जिल्लाका १८ वटै पालिकाका जनशक्तिलाई त्यसका लागि तालिम समेत दिई सकिएको प्रशासकीय अधिकृत जितेन्द्रकुमार पासवानले जानकारी दिनुभयो ।वडा कार्यालयबाट अनलाइन सिफारिस सुरु भएपछि सेवाग्राहीले धेरै कागज बोक्ने झन्झटबाट मुक्त हुने उहाँले बताउनुभयो ।


## योग्यता प्रणालीको सम्मान गरौं

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- प्रतिभाको कदर स्वदेशमै गरौं र प्रतिभा पलायन हुनबाट रोकौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८२ असार १ गते लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती भव्यताका साथ मनाऔं,

*'योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिबद्धता'*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## अब अनलाइनबाट बुकिङ्गको सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि


www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035



## सम्पादकीय

# पीडितको वेदना र सरकारको बेवास्ता

नेपालको दशवर्षे सशस्त्र द्वन्द्वको चोट अझै पूर्णरूपमा निको हुन सकेको छैन । हजारौंले ज्यान गुमाए, हजारौं वेपत्ता भए र हजारौं घाइते तथा अपांग भएर बाँच्न बाध्य भए । तर दुःखको विषय के छ भने, दशकौं बितिसक्दा पनि ती पीडितहरूले न्यायको उज्यालो देख्न पाएका छैनन् । बरु, पटक(पटक गठन गरिएका सत्य निरूपण तथा वेपत्ता छानबिन आयोगहरू फेरि पनि विवाद, अपारदर्शिता र राजनीतिक प्रभावको घेरामा छन् ।

जनकपुरधाममा हालै सम्पन्न "अपारदर्शी र पीडितलाई पाखा लगाई गठित नियन्त्रित आयोग" विषयक रणनीतिक परामर्श कार्यक्रममा उठेका स्वरहरूले स्पष्ट रूपमा देखाउँछ(द्वन्द्वपीडितहरूको आस्था ती आयोगहरूमा छैन । आयोगको गठन प्रक्रिया स्वयंमा विवादास्पद र पक्षपाती देखिएको छ । पीडितहरूको भनाइअनुसार, उनीहरूलाई सल्लाह नगरी आयोग गठन गर्नु केवल औपचारिकता मात्र हो, न्याय सुनिश्चित गर्ने इमानदार प्रयास होइन ।

शहीद परिवारकी तारा महतोले सरकारको निरन्तर बेवास्ताले आफूहरू सिंहदरबारदेखि मधेश सरकारसम्म घेराउ गर्न बाध्य भएको बताइन । यो सामान्य असन्तुष्टि होइन(यो सरकारप्रतिको गहिरो अविश्वास हो । आयोगलाई "झोले आयोग" भन्नु, नेताका नातागोता र आसेपासेले कब्जा गरेको भन्ने आरोप, अनि न्यायका लागि आवाज उठाउन नसक्नेहरू अझै वञ्चित भइरहेका तथ्यहरूले आयोगको विश्वसनीयता माथि प्रश्न उठाएका छन् ।

द्वन्द्वपीडित पूर्ण महतोको माग अनुसार, पीडितका लागि छुट्टै इजलास गठन हुन जरुरी देखिन्छ । जसले गर्दा आवाज नउठाउन सक्नेहरूको पनि न्यायमा पहुँच होस् । साथै अभियन्ता सुमन अधिकारीले आयोग गठनमा राजनीतिक दलहरू(विशेषतः कांग्रेस र एमालेबीच( कार्यकर्ता बाँडफाँड भएको गम्भीर आरोप लगाउँदै आयोगलाई राजनीतिक हितको औजारमा सीमित बनाइएको बताए । यदि यस्ता आरोपमा सत्यता छ भने, यो आयोगले न्याय होइन, अन्यायको वैधता दिन सक्छ ।

फ्रिडम फोरमका राजकुमार महासेठलगायत अन्य प्रतिनिधिहरूको उपस्थिति भए पनि सरकारी प्रतिनिधिको अनुपस्थिति पीडितहरूप्रति सरकारको संवेदनशीलता नहुनु प्रकट गर्छ । कुनै पनि लोकतान्त्रिक मुलुकमा सरकार जनताको पीडामा सहभागी हुनुपर्ने हो, न कि टाढा उभिएर निरीक्षक बन्ने ।

द्वन्द्वपीडित राष्ट्रिय सञ्जालका सचिव बालकृष्ण श्रेष्ठले शहीद प्रतिष्ठानजस्ता निकायहरूमा मन्त्रीहरूले आफ्ना मान्छे नियुक्त गरेर पीडितका घाउमा नुन छर्किएको टिप्पणी गरेका छन् । राज्य संयन्त्र नै पीडितहरूको घाउमा मल्हम लगाउने साटो, थप पीडा दिने माध्यम बन्ने हो भने न्यायको सपना टाढा मात्र होइन, झूट सावित हुन्छ ।

यो परिप्रेक्ष्यमा अब आवश्यक छ(सरकारले आफ्नो नीति र व्यवहारमा आमूल परिवर्तन गरोस्। सबैभन्दा पहिले, सत्य निरूपण तथा वेपत्ता छानबिन आयोगहरू पुनर्गठन गरिनुपर्छ(त्यसमा पीडित समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्दै। आयोगमा नियुक्त हुने व्यक्तिहरू निष्पक्ष, स्वतन्त्र र पीडितप्रति संवेदनशील हुनुपर्छ, न कि राजनीतिक आस्थाका आधारमा चयनित। पीडितहरूसँग प्रत्यक्ष संवाद, पारदर्शी प्रक्रिया, प्रभावकारी कार्यान्वयन र परिणाममुखी योजनाबिना संक्रमणकालीन न्याय सम्भव छैन।

सरकारले सम्झनुपर्छ, न्याय लम्बिँदै जाँदा अन्याय बलियो हुँदै जान्छ। पीडितका आवाजलाई बेवास्ता गर्नु लोकतन्त्रमा सबैभन्दा ठूलो विफलता हो। त्यसैले, अब पनि ढिलो नगरौं(पीडितहरूको चोटमाथि मल्हम लगाऔं, न कि राजनीतिक सौदाबाजीको सिकार बनाऔं। न्यायलाई राज्यको केन्द्रमा राखौं, ताकि इतिहासले फेरि यस्तो बेवास्ता दोहोर्याउनु नपरोस् ।

# प्रेस काउन्सिलको चुनौती

चिरञ्जीवी मास्के

नेपालमा पछिल्लो समय विशेषगरी अनलाइन मिडिया र युटुबको विकास तीव्र गतिमा भइरहेको छ । टेलिभिजन पत्रकारिताको अवस्था स्थिर रहेको र छापा पत्रकारिता आर्थिक रुपमा कमजोर बन्दै गएको परिप्रेक्षमा अनलाइनन मिडिया र युटुबको लोकप्रियतालाई सकारात्मक रुपमा लिन सकिन्छ ।

लोकप्रियतासँगै अनलाइन मिडिया र युटुबमा देखिएको विकृतिले भने पत्रकारिताको मर्ममा प्रहार गरिरहेको तीतो यर्थाथ आमरुपमा महसुस गरिँदै छ । प्रहार विन्दुको पहिचानसहित नियमनका कानुनी आधार तथा सक्रियता प्रष्ट भएन भने भोली यो विषय मिडिया क्षेत्रको अर्बुद रोग बन्ने छ ।

अनलाइन मिडिया सूचना विभाग र प्रदेशका सञ्चार रजिष्ट्रार जस्ता निकायमा दर्ता र प्रेस काउन्सिल नेपालमा सूचीकरण गरेरमात्र चलाउन पाईन्छ । यसको अर्थ अनलाइन मिडियाले प्रेस कानुनको विपरीत काम गरेभने कानुनी दायरामा ल्याउन सकिन्छ । तर युटुब दर्ताको प्रावधान नभएकोले यसलाई कानुनी दायरामा ल्याउन कठिन देखिन्छ ।

केही दिनअघि पत्रकार दिलभूषण पाठकविरुद्ध जारी पक्राउ पूर्जी पनि युटुब दर्तामा देखिएको कानुनी अभावकै परिणाम हो कि भन्ने देखिन्छ । तर, यसैको आधारमा एकजना स्थापित पत्रकारलाई पक्राउ पुर्जी जारी गरेर त्रासमा राख्न खोज्नु लेखन एवम् अभिव्यक्ति स्वतन्त्रताको बर्खिलाप हो । युटुब दर्तामा कानुनी समस्या देखिए पनि दिलभूषण पाठक स्थापित पत्रकार भएकोले यसको समाधान प्रेस काउन्सिलबाटै खोजिनु पर्दछ । किनभने प्रेस काउन्सिल नेपालले युटुब दर्ताको प्रावधान नभए पनि पत्रकार आचारसंहिता २०७३ (पहिलो संशोधन २०७६) को दफा ११ बमोजिम युटुब च्यानलको व्यवस्थापन, सूचीकरण तथा अभिलेखीकरण सम्बन्धि कार्यविधि २०८० कार्यान्वयनमा ल्याइ सोही अनुसार युटुब च्यानल र फेसबुकको समेत अनुगमन गरिरहेको छ । यस्तो अवस्थामा पत्रकारहरुले पनि आचारसंहिता, प्रेस कानुन र संविधानको भावनालाई आत्मसाथ गर्दै समाचार, विचार तथा रिर्पोटहरु प्रकाशन/प्रशारण गर्ने तथा सरकारले पनि प्रेससँग सम्बन्धित विवाद समाधानको लागि साइबर कानुन हैन प्रेस कानुन अनुसार प्रेस काउन्सिलबाट नै समाधान खोज्ने गर्नुपर्दछ ।

*आफ्नै प्रसङ्ग*

मैले पत्रकारितामा ३५ वर्ष विताइसकेको छु । पत्रकारिताको निरन्तरतामा कहींकतै ब्रेक लगाउनु पर्ने अवस्थामा पुगेको छैन । यो अवधिमा एकाध गुनासा बाहेक गम्भीर प्रकृतिको आपत्ति, असहमति र अपमानहरु पनि सुन्नु परेको छैन । यसो हुनुमा मेरो आफ्नै स्वभाव पनि कारण होला । किनभने मैले कहिल्यै पनि स्कुपको लालचमा अपुरो समाचार सम्प्रेषण गरिन र लेखनमा आग्रह-पूर्वाग्रहलाई प्राथमिकतामा राखिन ।

मेरो यो स्वभावले कोही-केहीले मेरो पत्रकारितालाई सफ्ट सूचनामात्र भनेर खिसिट्यु गरेको सुनिन्थ्यो । कोही- केहीले आँट नगर्ने भनेर व्यङ्ग कस्थे । तर, मेरो मान्यतामा परिर्वतन भएन । मैले समाचारलाई सकारात्मकतामात्र बुझे र त्यही अनुसार आफ्नो लेखनलाई अघि बढाए । मेरो लेखनले कोही-कसैलाई गम्भीर असर परेन, यसैमा म सन्तुष्ट छु ।

अर्को कुरा, मैले पत्रकारिता आचारसंहिता र मुलुकको कानुनी मान्यतालाई सधैं आत्मसाथ गरे । पत्रकारितालाई कानुनी मान्यताभन्दा माथिको कहिल्यै ठानिन ।

पत्रकारिताको यात्रामा तीन वर्ष नेपाल पत्रकार महासंघको केन्द्रीय सदस्य भए । र, प्रेस काउन्सिल नेपालको बोर्ड सदस्यको रुपमा चार वर्षे कार्यकाल भर्खरै सकिएको छ । पत्रकारिताको संरक्षण र नियमनकारी दुवै निकायमा रहेर काम गर्दा समान अनुभव गर्न सकेको छु- मर्यादित पत्रकारितको लागि आचारसंहिता र कानुनको पालनानै प्रमुख !

पत्रकार महासंघले श्रमजीवी पत्रकारहरुको संरक्षण गर्छ र पत्रकार आचारसंहिताको पालनामा कडाई गर्दै मर्यादित पत्रकारितामा जोड दिन्छ । प्रेस काउन्सिल नेपालले पनि संविधानले प्रदत्त गरेको लेखन स्वतन्त्रताको सम्मान गर्दै आचारसंहिता पालनाको अवस्था र नागरिक स्वतन्त्रता माथि उठेका प्रश्नको कानुनी निराकरण खोज्दछ । अर्थात संरक्षण र नियमनकारी यी दुवै निकायले मर्यादित पत्रकारिताको लागि कानुनको पालना र नागरिक अधिकारको सम्मानलाई प्राथमिकता दिन्छन् ।

मर्यादित पत्रकारिताको लागि नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपालले खेलेको भूमिका प्रभावकारी छ । तर, पत्रकारिता क्षेत्रमा अझै पनि विकृति-विसंगतिका धर्साहरु देखिन भने छोडेको छैन ।

*मर्यादित पत्रकारिताको लागि प्रेस काउन्सिल नेपाल*

नेपालमा विशेष गरी २०४६ सालको जनआन्दोलनबाट पञ्चायती शासन व्यवस्थाको अन्त्य भएपछि मिडियाको विकास भएको पाइन्छ । २०४७ सालको संविधानले लेखन तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेन्टी गरेपछि नेपालमा पत्र-पत्रिका, रेडियो र टेलिभिजनको विकास भएको हो ।

तर, त्योभन्दा धेरै अघि मिडियालाई मर्यादित बनाउने उद्देश्यसहित २०१४ सालमा गठन गरिएको प्रेस कमिसनको प्रतिवदनको आधारमा २०२४ सालमै प्रेस सल्लाहकार समिति गठन भै सकेको थियो । त्यसपछि २०२७ सालमा प्रेस सल्लाहकार समितिको नाम परिर्वतन गरी प्रेस सल्लाहकार परिषद् बनाइयो । र, २०२७ असोज ६ गते छापाखाना र प्रकाशन सम्बन्धि ऐन, २०१९ को दफा ३० 'क' बमोजिम प्रेस काउन्सिल नेपालको विधिवत गठन गरियो ।

प्रेस काउन्सिल नेपालको मुख्य जिम्मेवारी पत्रकार आचार संहिताको पालनाबाट मर्यादित, जिम्मेवार पत्रकारिताको विकास गर्ने, प्रेस स्वतन्त्रताको संरक्षण-सम्वर्द्धन गर्दै पत्रकार आचारसंहिता पालना गर्न उत्प्रेरित गर्नुका साथै नेपाल सरकार र सञ्चार माध्यमका बीच पुलको रूपमा कार्य गर्ने रहेको छ । सञ्चार माध्यमको अनुगमन, मूल्याङ्कन गरी मर्यादित तथा जिम्मेवार बनाउन प्रेस काउन्सिल नेपालको महत्वपूर्ण भूमिका रहेको छ ।

प्रेस काउन्सिल नेपालको गठनसँगै मर्यादित पत्रकारिताको लागि यसले खेलेको भूमिका महत्वपूर्ण र प्रशंसनीय रहेको पाइन्छ । काउन्सिलले पत्र-पत्रिकाको वर्गीकरण, आचारसंहिता निर्माण र त्यसको पालनाको पहल, आचारसंहिता पालनाको अवस्थाबारे अनुगमन, मिडियाहरुमा प्रकाशित समाचारको विषयमा आएका गुनासाको सुनवाइ र आवश्यक कानुनी कारबाही गर्दै आएको छ ।

म पत्रकारमात्र हुँदा प्रेस काउन्सिल नेपालसँग मेरो सम्बन्ध व्यवसायिक थियो । वरिष्ठ पत्रकार किशोर श्रेष्ठ काउन्सिलको कार्यवाहक अध्यक्ष भएको बेला म मिडियासँग सम्बन्धित कतिपय कानुनी र नीतिगत विषयहरुमा छलफल, सुझाव र सहयोगको लागि काउन्सिलमा पुग्ने गर्थें । काउन्सिलको कार्यवाहक अध्यक्षको रुपमा वरिष्ठ पत्रकार किशोर श्रेष्ठले मर्यादित प्रेस-मर्यादित समाजको भावना अनुसार धेरै साकारात्मक काम गरेको सम्झना छ ।

बोर्ड सदस्य भएपछि काउन्सिलसँग मेरो सम्बन्ध जिम्मेवारीसहितको घनिष्ट बन्न पुग्यो । मेरो चार वर्षे कार्यकालमा केही महिना वरिष्ठ पत्रकार गोपाल बुढाथोकीसँग काम गर्ने अवसर मिल्यो । उहाँले विशेषगरी प्रेस म्युजियमको अवधारणालाई अघि बढाउनुभयो । त्यस्तै ज्येष्ठ पत्रकार निर्देशिका निर्माणसम्बन्धी कार्य भयो । त्यसपछि काउन्सिलको अध्यक्ष वरिष्ठ पत्रकार बालकृष्ण वस्नेत हुनुभयो ।

मलाई लाग्छ बालकृष्ण बस्नेतको कार्यकाल प्रेस काउन्सिल नेपालको लागि क्रयाशीलता, तदारुकता र नीति तथा विधिको हिसाबले महत्वपूर्ण बन्न पुग्यो । बालकृष्ण वस्नेतको कार्यकालमा विपुल पोखरेल (पत्रकार महासंघको अध्यक्ष), हरि जोशी, दिपक पाण्डे, लालबाबु शेख, दुर्गा भण्डारी (हाल राष्ट्रिय सूचना आयोगको आयुक्त), रामप्रसाद दाहाल ( हाल नेपाल पत्रकार महासंघको महासचिव), गणेश पोखरेल, ठाकुर बेलबासे, शरद अधिकारी र म बोर्ड सदस्य थियौ । पछि केही समय निर्मला शर्मा (नेपाल पत्रकार महासंघको नवनिर्वाचित अध्यक्ष), विजयराज अधिकारी र केशवशरण लामिछानेसंग पनिसँगै काम गर्ने अवसर मिल्यो ।

अध्यक्ष बालकृष्ण वस्नेत लगायत बोर्डका सदस्यहरुको काम गर्ने आ-आफ्नै शैली थियो ।

हामी सबै पत्रकारिता क्षेत्रबाट काउन्सिलको बोर्डमा आएका थियौं । अनलाइन र युटुबको यो युगमा अध्यक्ष बालकृष्ण बस्नेत लगायत बोर्डका सबै सदस्यहरुलाई चुनौती थियो, आचारसंहिता पालना र मिडियाको नियमनमा । पत्रकारले पत्रकारलाइनै कारबाही गर्ने भन्ने प्रश्न बारम्बार उठिरहन्थ्यो । तर, आचारसंहिता पालनामा कडाइ गर्दै कतिपय मिडियालाई नियमन गर्नुपर्ने आवश्यकता पनि थियो । किनभने

बाँकी पृष्ठ ३मा

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# प्रेस काउन्सिलको......

यो अवधिमा केही अनलाइन र युट्वुको उदण्डताले कानुनी पर्खाल नाघेर निक्कै अघि बढ्न खोजिरहेको थियो।

आचारसंहिता पालना र उदण्डतामा ब्रेक लगान नियमनको आवश्यकतालाई अध्यक्ष बालकृष्ण बस्नेतले पुष्टिसहित अघि बढाउनुभयो। हामी सदस्य र मुख्य अधिकृत भविन्द्र भुसालसगायत कर्मचारी साथीहरु को पनि उहाँको अभियानमा साथ रह्यो। बोर्ड र कर्मचारीको एकताकै कारण सरकारको अपेक्षा एवम् प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकारको सम्मान बीच सन्तुलन कायम गर्दै आचारसंहिता पालनामा कडाइ र उदण्ड मिडियाको नियमनमा प्रेस काउन्सिल नेपालले सफलता पाउन सक्यो।

***प्रेस काउन्सिल नेपालको महत्वपूर्ण कार्यहरू***

अभिव्यक्ति तथा लेखन स्वतन्त्रता र नागरिक अधिकारका लागि मर्यादित प्रेस महत्वपूर्ण हुन्छ। यसको लागि प्रेस काउन्सिल नेपालले स्थापना कालदेखिनै सक्रियतापूर्वक उपलब्धि मूलक काम गर्दै आएको छ। र, यो क्रममा हाम्रो कार्यकालमा विभिन्न नीतिगत निर्णय र कार्यक्रमहरु भएका छन्।

क) प्रकाशित पत्रपत्रिका काठमाडौंको हकमा प्रकाशन भएको १५ दिनभित्र र बाहिरको हकमा २ महिनाभित्र अभिलेख गराइसक्नु पर्ने। तर पीडीएफ सोही दिन अपलोड गर्नुपर्ने।

ख) मिल्दाजुल्दो अनलाइन सूचीकरण नगरिने, पत्रकारिताको उद्देश्यले चलेका युट्व सञ्चालन मापदण्ड निर्माणको तयारी तथा अनलाई सूचीकरणको लागि स- शुल्क अभिमुखीकरा कक्षा सुरु।

ग) पूर्वपदाधिकारी कर्मचारीलाई परिचय पत्र र लोगोको व्यवस्था।

घ) विज्ञापन र सूचना प्रकाशनसम्बन्धी खरिद कानुन संशोधन, विज्ञापन ऐन संशोधन, प्रेस काउन्सिल ऐन संशोधन, छापाखाना ऐन संशोधनको लागि सुझाव पेस।

ङ) मिडिया काउन्सिलमा सुझाव प्रस्तुत।

च) सदस्यहरुलाई छुट्टै कार्यकक्ष निर्माण तथा मिटिङ हल र कार्यकक्ष सुधार।

छ) एयर बुक र नेपाली मिडियाको इतिहास प्रकाशन तथा कर्णलीको पत्रकारिता पुस्तक तयारी।

ज) मैथिली भाषामा पत्रकारिता पुस्तक प्रकाशन।

झ) राई, वान्तवा, थारु, लिम्बु, तामाङ, डोट्याली भाषामा आचारसंहिता अनुवाद

ञ) सम्पादक संवाद तथा बिभिन्न विषय र विदेशी मिडियामा रिर्पोटिङ गर्ने पत्रकारहरुसँग छलफल।

ट) नेपाली नागरिकले विभिन्न देशबाट नेपाली भाषामा सञ्चालन गरिरहेको अनलाइन मिडियाको सूचीकरण तथा नियमनबारे अध्यन।

ठ) महिलालाई क्षमता विकास तालिम, गोपालदास पत्रकारिता पुरस्कारबाट पहिलो पटक पत्रकार महिलालाई सम्मान तथा पुरस्कार कार्यविधि र प्रेस स्वतन्त्रता कार्यविधि तयार।

ड) काउन्सिलको कर्मचारी तथा बोर्ड सदस्यहरू बाट जिल्ला-जिल्लामा मिडियाको अवस्थाको बारेमा विशेष अनुगमन।

ढ) प्रेस काउन्सिल नेपालले त्रैमासिक रुपमा प्रकाशन गर्दै आएको संहितालाई विभिन्न विषयमा विशेषाङ्कको रुपमा समेत प्रकाशन।

ण) पत्रपत्रिकालाई हुलाक टिकट टाँस गर्नुपर्ने अव्यवहारिक व्यवस्था हटाउन सूचना तथा सञ्चार प्रविधि मन्त्रालयमा सुझाव प्रस्तुत तथा पत्र-पत्रिका वर्गीकरणको लागि हुलाक कार्यालयको प्रभावकारी सहयोगबारे अध्यन।

त) १२ जना स्थायी कर्मचारीको भर्ना, कर्मचारी विनियमावली, २०७९ जारी।

थ) विज्ञ टोली गठन गरेर आचारसंहिता अनुगमनबारे सुझाव सङ्कलन एवं अध्ययन, वरिष्ठ पत्रकारको उपाधिका विषयमा अध्ययन।

***प्रेस काउन्सिल नेपालले गर्नुपर्ने थप कार्यहरू***

मिडियालाई कानुनी, नैतिक र व्यवहारीक रुपमा सञ्चालन गर्ने तथा आचार संहिता पालनाको लागि समन्वयात्मक ढङ्गले नियमनकारी भूमिका निर्वाह गर्न केही थप काम हुन जरुरी छ।

क) मिडियामा प्रकाशन/प्रशारण भएका समाचारका विषयवस्तु उपर परेका उजुरी छानबिन तथा समाधानको लागि काउन्सिलमा प्रेस इजलास स्थापना गर्नु आवश्यक हुन्छ। जसको कारण पक्ष-विपक्षबीच आवश्यक छलफल र तर्क-वितर्कको अवस्था बन्ने छ। प्रेस काउन्सिल नेपालले प्रेस इजलास सञ्चालनबारे नीतिगत निर्णय गरिसकेकोले त्यसलाई तत्काल कार्यान्वयन गर्नुपर्छ।

ख) अहिले पत्रकार बन्न आवश्यक कानुनी मापदण्ड बनेको पाइदैन। जसको कारण जोसुकै पत्रकार बन्ने अवस्था देखिन्छ। र, पत्रकारिता क्षेत्रमा देखिएको विकृतिलाई यसले मलजल गरिरहेको छ। यसको अन्त्यको लागि प्रेस काउन्सिल नेपालले निश्चित मापदण्ड पूरा गरेका पत्रकारहरुलाई प्रमाणपत्र दिने व्यवस्था गर्नु जरुरी छ। यो विषयमा प्रेस काउन्सिल नेपालको बोर्डमा पटक-पटक छलफल र बहस भएकाले यसको कार्यान्वयनमा समेत तदारुकता देखाउनु आवश्यक छ। केही पत्रकारहरुले प्रमाणपत्र दिने कुराको विरोध गरेको पाईन्छ। तर त्यो ठीक हो भन्ने आधार देखिँदैन।

ग) पत्रपत्रिका वर्गीकरणलाई प्रभावकारी बनाउन प्रेस काउन्सिल नेपालले प्रत्येक जिल्लाका हुलाक कार्यालयहरुसँग समन्वय गरी त्यस जिल्लाबाट प्रकाशन भएका पत्रपत्रिकाहरुको नियमितता तथा सर्कुलरको अवस्थाबारे जानकारी लिने र त्यसको आधारमा वर्गीकरणको नम्बरिङ गर्ने परिपाटीको विकास गर्नुपर्छ।

घ) प्रदेशमा गठन भएका सञ्चार रजिष्ट्रारको कार्यालयहरुसँग समन्वय गरी पत्रकार परिचयपत्र प्रेस काउन्सिल नेपालबाट मात्र जारी गर्ने व्यवस्था मिलाउनुपर्छ।

ङ) मिडियालाई निष्पक्ष, स्वतन्त्र, व्यवसायिक र खोजमुलक बनाउन स्थानीय तहबाट सहयोगको वातावरण निर्माण तथा खरिद ऐन संशोधनमार्फत स्थानीय तहका विज्ञापनलाई स्थानीय मिडियामा नै प्रकाशन गर्ने व्यवस्था मिलाउन प्रेस काउन्सिलले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्छ।

(पूर्व बोर्ड सदस्य, प्रेस काउन्सिल नेपाल)

# लिची खानुका ६ फाइदा

मौसम अनुसारको फलफूल र सागसब्जी बजारमा पाइन्छन्। मौसम अनुसारका सबै फलफूलहरु तथा सागसब्जीहरुको आ-आफ्नै गुण हुन्छ। यसै सन्दर्भमा गर्मी मौसम सुरु भएसँगै विभिन्न फलफूलहरु पनि बजारमा आउन थालेका छन्।

गर्मीको सिजनमा पाइने फलफूलहरुमा अत्यधिक पानी र फाइबरहरु पाइन्छन्। ती फलफूलमध्ये लिची पनि एक हो। गर्मी सिजनमा बजारमा उपलब्ध हुने लिचीलाई मीठा मोतीको रुपमा पनि लिइन्छ। लिचीमा हामीले स्वाद र फ्लेभर मात्र होइन स्वास्थ्यवर्द्धक गुण पनि पाउँछौं। लिचीमा भरपुर पानीको मात्रा हुन्छ। साथै लिचीमा भिटामिन सी र पोटासियम पनि पाइन्छ। यसले गर्मीमा शरीर र पेटलाई शितलता प्रदान गर्न मद्दत गर्छ।



***यस्ता छन् लिचीका अन्य फाइदाहरु:***

***वजनलाई कन्ट्रोल गर्छः***

लिचीको नियमित सेवनले वजनलाई कन्ट्रोल गर्छ। चिलीमा प्रसस्त मात्रामा फाइबर पाइन्छ। फाइबरले वजनलाई कन्ट्रोल राख्न मद्दत गर्छ।

***इम्युनिटी बलियो बनाउँछः***

हाम्रो इम्युनिटीको लागि लिची निकै फाइदाजनक छ। लिचीले हाम्रो शरीरको इम्युनिटी पावरलाई बढाईदिन्छ। लिचीमा बिटा-क्याटोरिन, नियासिन, राइबोफ्लेविन र फोलेट प्रचुर मात्रामा पाइन्छ। यी सबै तत्वले हाम्रो शरीरको इम्युनिटी सिस्टमलाई स्वास्थ्य राख्न सघाउँछ।

***पाचन प्रणालीलाई बलियो बनाउँछः***

लिचीको सेवनले हाम्रो पाचन तन्त्र तन्दुरुस्त बन्छ। किनभने यसमा प्रसस्त मात्रामा फाइबर पाइन्छ। उल्टी गर्ने, पेटकको समस्या, पेटको अल्सर लगाएतको समस्याबाट छुटकारा पाउनका लागि पनि लिचीको उपयोग गर्न सकिन्छ।

***घाँटीमा हुने समस्याबाट जोगाउँछः***

यदि घाँटीमा कुनै पनि समस्यमा भएमा लिची खानु उपयुक्त हुन्छ।

***पानीको कमीको समस्याबाट जोगाउँछः***

सायद सीमितलाई मात्र थाहा हुनसक्छ, लिचीमा भरपुर पानी पाइन्छ। लिचीमा पाइने पानीले शरीरमा हुने पानीको कमीलाई आपूर्ती गर्छ। लिचीले शरीरलाई शितल बनाउन पनि मद्दत गर्छ।

***त्वचालाई मुलायम बनाउँछः***

लिचीको सेवनले हाम्रो त्वचालाई पनि चमक दिन्छ। यसमा भरपुर भिटामिन सी पाइन्छ, जसले एन्टिअक्सिडेन्ट फाइटिङको काम गर्छ। जसको कारण हाम्रो त्वचा मुलायम बन्छ।

# हेर्दा हेर्दै कसरी हरायो एउटा भाषा

नताशा फर्नान्डिस

भारतको अण्डमान टापुमा एउटा भाषा सधैँका लागि हराएर गयो। केही समय अघिसम्म 'बो' भाषा बोल्ने एकजना मात्रै मान्छे थिइन्। उनको नाम बोआ थियो। बोआको निधनसँगै एउटा प्राचीन भाषा पनि मऱ्यो। बोआ त्यो भाषा बोल्ने अन्तिम व्यक्ति थिइन्। बो भाषा अण्डमान टापुका जनजातिहरूले हजारौं वर्षदेखि बोल्दै आएका थिए।

भाषाविद् प्राध्यापक अनविता अब्बिले बोआसँग यो भाषा सिक्न धेरै वर्ष प्रयास गरिन्। सन् २०१० मा बोआको मृत्यु भएसँगै यो काम अधुरै रह्यो।

यस प्रसङ्गमा बीबीसीले प्राध्यापक अब्बिसँग कुरा गरेको थियो। उनले बोआको निधनसँगै 'केही अमूल्य चीज' गुमेको बताइन्। उनी भन्छिन्, 'यो भाषा अरू भाषाको सम्पर्कमा पनि आएको थिएन। अलि पृथक् रूपमा बोलिन्थ्यो।' उनका अनुसार सबैभन्दा पुरानो भाषामा गणना हुने उक्त भाषा उनका लागि 'सुनको खानी' जस्तै थियो।

प्राध्यापक अब्बिका अनुसार उनै बोआको आवाज रेकर्ड गर्ने पहिलो र अन्तिम व्यक्ति थिइन। बोआले रेकर्डिङको दौरान हिन्दीमा भनेकी थिइन, 'हाम्रो भाषा नबिर्सिनु होला है।'

प्राध्यापक अब्बि बो लगायत संसारका प्राचीन भाषाहरूको दस्तावेज तयार गर्दै थिइन। यसैक्रममा उनी अण्डमान टापु पुगेकी थिइन्। उनले यो काम एउटा शब्दकोषको रूपमा प्रकाशित गरिन। तर, यो प्रकाशन बोआको मृत्युपछि मात्रै भएको हो। यो काम त्यति सजिलो पक्कै थिएन। सुरुमा त बोआ प्राध्यापक अब्बिसँग कुराकानी गर्न पनि तयार थिइनन्।

सन् २००४ मा हिन्द महासागरमा विनाशकारी सुनामी आयो। यसले बोआको समुदायमा ठुलो नोक्सान पुऱ्यायो। त्यसबेला उनको समुदायका सबै मानिस राहत शिविरमा भेला भएका थिए। त्यसबेला उनको समुदायका मानिसले आफ्नो घर गुमाएका थिए। कुनै पनि तथ्यांक संकलन गर्न अप्ठेरो थियो। उनी यस्तो वेलामा त्यहाँ पुगेकी थिइन।

प्राध्यापक अब्बि सम्झिन्छिन्, 'यस्तो बेला म त्यहाँ पुगेर उनीहरूलाई प्रश्न सोधेकी थिएँ। एकातर्फ सुनामीको कहर छ अर्कोतर्फ म तपाई बो भाषामा एउटा गीत गाउन सक्नुहुन्छ ? तपाई यो कुरालाई आफ्नो भाषामा कसरी भन्नु हुन्छ ? यसलाई के भन्ने ? भन्दै प्रश्न सोधी रहेकी थिएँ। त्यो अनौठो अवस्था थियो।'

अण्डमानमा बस्ने मानिसहरू चरालाई आफ्नो पुर्खा ठान्छन्। समय बित्दै जाँदा बिस्तारै बोआ अब्बिसँग खुल्न थालिन। 'मैले उनको समुदायसँग स्टेट टापुको जंगलमा धेरै समय बिताएँ।', अब्बि भन्छिन्।

उनलाई बिस्तारै थाहा भयो आफ्ना आमाबुवा तथा पतिको निधनपछि बोआ मात्रै बो भाषा बोल्ने अन्तिम व्यक्ति बाँकी थिइन्।

'उनले आफ्नो पति गुमाइन्। कुनै बालबच्चा थिएनन्। प्रायः एक्लै बस्थिन्। उनले अन्य मानिससँग कुराकानी गर्न अण्डमानी संस्करणको हिन्दी सिक्नुपर्ने भयो। आफ्नो एक्लोपन कम गर्न उनी प्रायः गीत गाइरहन्थिन वा चराहरूसँग कुरा गर्ने गर्थिन्,' उनले भनिन्।

अब्बि भन्छिन्, 'मैले एकपटक उनलाई तपाई चराहरूसँग के कुरा गर्नुहुन्छ भनेर सोधेँ। उनले भनिन- यी त हाम्रा पुर्खा हुन्। संसारमा मलाई बुझ्ने प्राणी यिनै मात्रै हुन्।'

अण्डमान टापुका मानिसहरू चरा-चुरुङ्गीलाई आफ्ना पुर्खा ठान्ने हुनाले उनीहरूले त्यसको शिकार गर्दैनन्। साथै कुनै पनि चरा खाँदैनन्।

धेरै वर्ष भेटघाट भएपछि उनीहरूको सम्बन्ध मित्रतामा बदलियो। प्राध्यापक अब्बि दिल्लीमा बस्थिन्। तर, बारम्बार उनी स्ट्रेट टापुको यात्रा भने गरिरहन्थिन।

प्राध्यापक अब्बि भन्छिन्, 'उनलाई म गम्भीर मान्छे हुँ भन्ने अनुभूति भइसकेको थियो। म स्ट्रेट टापुमा आउँदा उनी साह्रै खुसी हुन्थिन्। उनी मेरो हात समाउँथिन् र मलाई जानै दिन्न थिइन्।'

'उनलाई यस्तो किन लाग्ने रहेछ भने जब म त्यो टापुमा पुग्थेँ, त्यहाँका अन्य मानिसहरू पनि ग्रेट अण्डमानि भाषा बोल्ने रहेछन्। यसरी बोलेर उनीहरू आफूलाई पनि भाषा बोल्न आउने देखाउन खोज्ने रहेछन्। म फर्किना साथ उनीहरू हिन्दी बोल्न सुरु गर्ने रहेछन्। बोआलाई त्यो निकै राम्रो लाग्दो रहेछ।', प्राध्यापकले स्मरण गर्दै भनिन्।

आफ्नो जीवनको अन्तिम समय बोआको स्वास्थ्य असाध्यै बिग्री सकेको थियो। प्राध्यापक अब्बिले अब आफूले उक्त भाषा बोल्ने आखिरी मान्छे तथा आफ्नो मिल्ने साथी गुमाउन लागेको सुइँको पाइसकेकी थिइन्।

'उनी बिरामी थिइन्। उनलाई खोकी लागि रहेको थियो। मैले उनीसँग फोनमा कुरा गर्न खोजेँ। तर, कुरा हुनै सकेन,' अब्बिले भनिन्। केही समय लगत्तै समुदायका एक जना सदस्यले बोआको निधन भएको खबर अब्बिलाई सुनाए।

अब्बि भन्छिन्, 'यो घटनाले मलाई बेस्सरी हल्लायो मैले त्यति छिटो त्यस्तो खबर सुन्नुपर्छ होला भनेर सोचेकै थिइन।'

बोआको निधनसँगै भाषाको पुनर्जीवन गराउने आफ्नो प्रयासमा प्राध्यापक अब्बि 'असहाय' भइन। ६ वर्षको अनुसन्धान पछि उनले अण्डमान टापु समूहमा प्रयोग हुने बो लगायत चारवटा लुप्तप्रायः आदिवासी भाषाको आफ्नो पहिलो शब्दकोष संकलन गरिन।

यो शब्दकोष सन् २०११ मा प्रकाशित भयो। प्राध्यापक अब्बि भन्छिन्, 'म भाषाहरूको मूकदर्शक थिएँ। भाषणका रूपमा एक-एक गर्दै शब्दहरू मेरो आँखै अगाडी विलुप्त हुँदै थिए र म केही पनि सकी रहेकी थिइन।' बीबीसीबाट

# संसद्रुमा जनताका मुद्दा उठाएर बहस गर्न चाहन्छौं : अध्यक्ष प्रचण्ड



झापा, ३१ जेठ । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पछिल्लो समय संसद अवरोध गर्नुको उद्देश्य सरकार फाल्ने नभई भ्रष्टाचारविरुद्ध सुशासनको मुद्दालाई प्राथमिकता दिलाउने रहेको स्पष्ट पार्नुभयो।

झापाको दमकमा आयोजित कोच, धिमाल, मेचे, सन्थाल, झाँगड र उराऊसहित पाँच वटा मोर्चाको संयुक्त सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले सो कुरा बताउनुभएको हो।

"हामीले संसद अनन्तकालसम्म रोक्ने भन्ने कुरा थिएन। सदनमा नागरिकता, विद्यालय शिक्षा, निजामति सेवा जस्ता विधेयक संसदमा वर्षौंदेखि अल्झिएका छन्। ती विधेयक सरकारमा रहँदा हामीले नै दर्ता गरी अघि बढाएका थियौं। यी जनतासँग जोडिएका, शान्तिप्रक्रियासँग र संघीयता कार्यान्वयनसँग सम्बन्धित विषय हुन्, जसलाई पूर्णता दिन आवश्यक छ। हामीले सरकारलाई एक महिनाभित्र छानबिन समिति बनाउन बाध्य पार्यौं र संसद खोलियो," उहाँले भन्नुभयो।

प्रचण्डले हाल माओवादी केन्द्रप्रति जनतामा समर्थनको लहर देखिएको अवस्थामा पार्टीलाई बदनाम गर्ने नियोजित सड्यन्त्रहरू भइरहेको गम्भीर आरोप समेत लगाउनुभयो।

"राम्रा कामकै कारण माओवादीप्रति जनविश्वस बढेका कारण के भनेर हुन्छ, के गरेर हुन्छ माओवादीलाई बदनाम गरौं भन्ने सोच अहिले सक्रिय देखिन्छ," उहाँले भन्नुभयो, "तर हामीले सुरु गरेको सुशासन, समृद्धि र परिवर्तनको अभियानबाट पछि हट्दैनौं।"अध्यक्ष प्रचण्डले पार्टी सरकारमा बसे पनि नबसे पनि जनता र उत्पीडित समुदायको पक्षमा सधैं उभिइरहने बताउनुभयो। उहाँले सामाजिक न्याय, समानता, र पहिचानको मुद्दालाई राज्यका सबै तहमा स्थापित गर्न माओवादी केन्द्र प्रतिवद्ध रहेको पुनः दोहोर्याउनुभयो।

# उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जमा सुरक्षा व्यवस्थामा कडाइ

दैनिक समाचारदाता

वीरगञ्ज ३१ जेठ। उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जका न्यायाधीस माथि इजलास कक्षमा दुर्व्यवहार भएपछि पर्सा प्रहरीले अदालत परिसरमा सुरक्षा व्यवस्थालाई कडाइ गरेको छ।

१४ वटै न्यायाधीसको व्यक्तिगत सुरक्षामा खटिएका 'पिएसओ' र अन्य सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीसमेत परिवर्तन गरेर सुरक्षा व्यवस्थालाई कडाइ गरेको छ।

यहाँका न्यायाधीसद्वय डा खुसीप्रसाद थारु र अर्जुन महर्जनमाथि इजलास कक्षमा नेकपा (बहुमत)का तीन जना कार्यकर्ताले बिहीबार दिउँसो करिब ४ बजेको समयमा इजलास कक्षमै दुर्व्यवहार गरेका थिए। सो पार्टीको कार्यकर्ता भनिने सिरहा गोलबजारका गर्भु महतो, सर्लाही बरहथवाका पदमबहादुर मगर र प्यूठानका किशोर कुमारलाई प्रहरीले अदालत परिसरभित्रैबाट पक्राउ गरेको थियो।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख गौतम मिश्रले न्यायाधीसद्वयमाथि दुर्व्यवहार गर्नेलाई जिल्ला अदालत पर्सामा म्याद थप गर्नका शुक्रबार पठाइएको जानकारी दिनुभयो।

"खाजा खाने बाहना बनाएर अदालतभित्र छिरेका उनीहरुले मौका छोपेर न्यायाधीसद्वयमाथि दुर्व्यवहार गरेका रहेछन्," उहाँले भन्नुभयो, "पक्राउ परेकालाई शुक्रबार अदालतमा म्याद थप गर्नका लागि पठाएका छौं।"

उहाँले दुर्व्यवहार गर्नेलाई अदालतको मानहानी, साइबर क्राइम, अभद्र व्यवहारलगायतका कसुरमा अनुसन्धान गरिने बताउनुभयो।

यसअघि १४ वटै न्यायाधीसको लागि एक-एक जना पिएसओ खटाईदै आइरहेको थियो भने अदालत परिसरमा एक दर्जन सुरक्षाकर्मी खटाइएको थियो। प्रहरी प्रमुख मिश्रले सो घटनापछि अदालत परिसरमा सुरक्षा व्यवस्था कडाइ गरिएको जानकारी दिनुभयो। "विगत लामो समयदेखि कार्यरत रहँदै आएका १४ वटै न्यायाधीसको 'पिएसओ'लाई परिवर्तन गरेर नयाँ पठाएका छौं," उहाँले भन्नुभयो, "अदालत परिसरको सुरक्षामा खटिने प्रहरीको जनशक्ति समेत थप गरेर सुरक्षालाई अझैं मजवुत गराउने काम भइरहेको छ।"

# मधेशले जित्यो यु-१६ क्रिकेट उपाधि

दैनिक समाचारदाता

काठमाडौं, ३१ जेठ। टिवी शाह स्मृति यु-१६ राष्ट्रिय एकदिवसिय क्रिकेट प्रतियोगिताको उपाधि मधेश प्रदेशले जितेको छ।

वीरेन्द्रनगरकोरु कालिञ्चोक क्रिकेट मैदानमा शनिबार भएको फाइनलमा मधेशले बागमती प्रदेशलाई सात विकेटले हरायो।

जितका लागि बागमतीले दिएको एक सय १३ रनको लक्ष्य मधेशले १३.४ ओभरमा तीन विकेटको क्षतिमा पूरा गरेको थियो। मधेशका लागि सान्तु मण्डलले अविजित ४३ रन बनाउनुभयो। आयन मुखियाले अविजित २९ र सुशान्त सिंहले १२ रन जोड्नुभयो।

बलिङमा बागमतीका कप्तान प्रसिद्ध जेसीले दुई तथा कमल साहीले एक विकेट लिनुभयो। यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको बागमतीले ३३ ओभरमा सबै विकेटको क्षतिमा एक सय १२ रन बनाएको थियो।

बागमतीका लागि प्रसिद्ध जेसीले सर्वाधिक २५ रन बनाउनुभयो। यस्तै रोहित ठाकुरलेरु २२, आशिष गुप्तालेरु १७ र सूर्यांशु कोइरालाले १० रन जोड्नुभयो।

बलिङमा मधेशका रोहन यादवले तीन विकेट लिनुभयो। यस्तै राजीवकुमार सदा र सलमान अली मन्सुरीले दुई दुई विकेट लिनुभयो।

# पार्टी महाधिवेशन २०८३ मा हुनेमा महामन्त्री थापा विश्वस्त

दैनिक समाचारदाता

काठमाडौं, ३१ जेठ। नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नेपाली कांग्रेसको महाधिवेशन २०८३ मङ्सिरअगावै हुनेमा आफू विश्वस्त रहेको बताउनुभएको छ। नेपाली कांग्रेस काठमाडौं क्षेत्र नं ६ प्रदेश (क)को तेस्रो प्रदेशसभा क्षेत्रिय सम्मेलन तथा प्रशिक्षण कार्यक्रममा उहाँले पार्टीको महाधिवेशन विसं २०८३ मङ्सिरअगावै हुने बताउनुभएको हो।

"विसं २०८४ को निर्वाचनपछि अधिवेशन हुन्छ भन्ने भ्रममा नपर्नुहोस्, शेरबहादुर देउवा, शेखर कोइराला, शशाङ्क कोइराला, गगन थापा, विश्वप्रकाश शर्मा सबै मिलेर अधिवेशन साछु भने अधिवेशन २०८३ मङ्सिरअगावै हुन्छ", उहाँले भन्नुभयो।

महामन्त्री थापाले आगामी असार मसान्तभित्र देशैभरका पार्टी क्रियाशील सदस्यको नवीकरण गरिसक्ने बताउनुभयो। सदस्यता नवीकरण सकिएपछि नयाँ क्रियाशील सदस्य खोलिने उहाँको भनाइ थियो। उहाँले पार्टीमा गुटबन्दी अन्त्यका लागि क्रियाशील सदस्यबाट प्रत्यक्ष रूपमा पार्टी सभापति चुन्ने व्यवस्था गर्नुपर्ने बताउनुभयो। कांग्रेस नेता एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले पार्टीभित्र विद्यमान गुटगत राजनीतिको अन्त्य आवश्यक भएको बताउनुभयो। उहाँले कांग्रेसको सङ्गठन निर्माणमा पार्टी कार्यकर्ताको महत्वपूर्ण भूमिका हुने भएकाले क्रियाशील हुन युवा पुस्तालाई आह्वान गर्नुभयो।

नेपाली कांग्रेस काठमाडौं क्षेत्र नं ६ प्रदेश (क)का सभापति ख्यामराज तिवारीले पार्टीलाई बलियो बनाउनुपर्ने बताउनुभयो। हरेक कार्यकर्ताको मूल्याङ्कन पार्टीमा हुनुपर्ने उहाँको भनाइ थियो।

# पूर्व प्रधानमन्त्री नेपाल रौतहटमा



दैनिक समाचारदाता

रौतहट, ३१ जेठ। पूर्व प्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले पार्टीका प्रदेश कमिटी सदस्य वीरेन्द्र साहप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।

अध्यक्ष नेपालले श्रद्धाञ्जली कार्यक्रममा सहभागी हुन् शनिबार रौतहट आउनु भएको हो। रौतहटको दुर्गा भगवती गाउँपालिका-५ बडहर्वामा आयोजित श्रद्धाञ्जली सभामा सहभागी हुँदै पार्टीले एक सच्चा, निष्ठावान, कर्मठ सिपाही गुमाएको बताउनुभयो।

अध्यक्ष नेपालले २०५६ सालदेखि सिंगो पार्टीप्रति समर्पित व्यक्ति गुमाउनुको पीडाको वर्णन गरेर साध्य नभएको उहाँको भनाइ छ।

श्रद्धाञ्जली सभामा गौर नगरपालिकाका नगर प्रमुख शम्भु साह, राजदेवी नगरपालिकाका नगर प्रमुख भिखारीप्रसाद यादव , नेकपा नेता रेवन्त झा लगायतका नेता कार्यकर्ताको उपस्थिति रहेको थियो।

प्रदेश कमिटी सदस्य साहको जेठ २३ गते हृदयघातका कारण मृत्यु भएको थियो।

# पत्रकार......

सञ्चार माध्यमहरूलाई आत्मनिर्भर बनाउन कार्यसमिति सदस्यहरूले स्वैच्छिक मासिक आर्थिक सहयोग गर्ने निर्णय गरिएको छ। उक्त सहयोगलाई व्यवस्थित गर्न कोषाध्यक्षमार्फत कार्ययोजना ल्याउने निर्णय बैठकले गरेको छ।

बैठकले प्रदेश सरकार समक्ष पत्रकारहरूको स्वास्थ्य तथा दुर्घटना बीमा अभियानका रूपमा सञ्चालन गर्न, छुटेकाहरूलाई समावेश गर्न र गैर पत्रकारको बीमा भएमा पुनरावलोकन गर्न माग गरेको छ।

लोककल्याणकारी विज्ञापनका सन्दर्भमा प्रत्येक मिडियालाई कम्तीमा एक लाख रुपैयाँ बराबरको विज्ञापन सुनिश्चित गर्न आग्रह नेपाल पत्रकार महासङ्घ मधेश प्रदेश समितिको बैठकले गरेको महासचिव शैलेन्द्र महतो क्रान्तिले जानकारी दिनुभयो।

आउँदो आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तुत गरिन लागेको प्रदेश सरकारको बजेटमार्फत यी मागहरू सम्बोधन गर्न आग्रह गरिएको छ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२









'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४